
# २ कोरिन्थी

पावल प्रेरितले कोरिन्थीमा मण्डली सुरु गर्नुभएको थियो र उनले छोडेपछि, पावलले त्यस मण्डलीलाई पत्र लेखे र कसै-कसैले १ कोरिन्थी ५:९ म उल्लेख गर्नुभएको “हराएको पत्र” भनी भनिन्छ। त्यसपछि, जब पावल एफिससमा हुँदा, उनले कोरिन्थी मण्डलीमा दुई किसिमका समस्याबारे फरक प्रतिवेदान प्राप्त गरे र ती समस्याहरु सुधार गर्नको निम्ति हामीले १ कोरिन्थी भनेर चिनेको पत्र लेखे। तर दुर्भाग्यवश, त्यो पत्रले सबै समस्याहरुको समाधान गरेन।

**लेखक:** प्रेरित पावल

**लेखको मीति:** लागभग ५५ AD मा लेखिएको थिए।

**मूल दर्शक:** कोरिन्थ शहरमा येशूको अनुयायीहरु जो प्रायजसो गैर-यहूदीहरु थिए।



**पत्र लेख्नुको कारण:** २ कोरिन्थी पावलको एक व्यक्तिगत पत्र हो। कोरिन्थी मण्डलीका केही व्यक्तिहरुले पावललाई उनको अधिकार र सेवकाई बारे प्रश्न उठाइरहेका छन्। पावलले आफ्नो सेवकाईको रक्षा गर्ने र मण्डलीसँग आफ्नो सम्बन्ध ठीक गर्ने कोशिष गर्दैछन्।

**पत्रको मुख्य सन्देश:** २ कोरिन्थी नयाँ नियमका अन्य पत्रहरु भन्दा फरक पत्र हो। धेरै जसो पत्र पावलले आफ्नो पक्षमा राखेका छन्। पावलले आफ्नो सेवकाईमा र यात्राको योजानहरु बारे समेत आफुले गरेको छनौटहरुको पक्षमा छन्। उनले मण्डलीमा प्रेरितको रुपमा सेवा गरेबपत पैसा नलिएकोमा उनले आफ्नो पक्षमा राखेको छ। कोरिन्थीका मण्डलीहरुले पावललाई अन्य प्रेरितहरु/सेवकहरु र सार्वजनिक वात्त्कहरुसँग तुलना गर्दैछन्। पावलले सिकाउँछन् कि एक व्यक्तिको योग्य/मुल्य र अधिकार उ कस्तो देखिन्छ वा कस्तो बोल्छ त्यसमा आधारित हुँदैन तर तिनीहरुको भित्र के छ त्यसमा आधारित हुन्छ। पावल भन्दछन् कि हामी कमजोर माटाका भाँडो जस्तो हो जसभित्र धन हुन्छ; यो देखाउनको लागि “सर्वश्रेष्ठ शक्ति हाम्रो होइन तर परमेश्वरको हो भनी प्रष्ट पार्न हो।” (४:७) अन्तमा, उनले जो आफुलाई “सर्वोच्च प्रेरितहरु” भन्दछन् र जो भर्खरै सिफारिसको पत्रहरु लिएर आएका थिए र तिनीहरुको सेवाको निम्ति शुल्क उठाउँथे। ती आफुलाई ठूलो प्रेरित भन्नेहरु आफ्ना शत्किहरुमा घमण्ड गर्थे, तर पावल आफ्नो कमजोरीमा घमण्ड गर्छन्। पावल सिकाउँछन् कि परमेश्वरको शत्कि मानिसको कमजोरीमा/दुर्बलतामा सिद्ध हुन्छ।(१२:९) यसकारण पावल भन्छन्, “किनकी जब म दुर्बल छु, तब म शत्किशाली छु।”(१२:१०) यस व्यक्तिगत पत्रमा, जहाँ पावल आफुलाई रक्षा गर्छन्, हामीले परमेश्वरको शत्कि र मण्डली बारे धेरै कुरा सिक्न सक्छौं, र परमेश्वरको सेवक हुनुको अर्थ के हो।

**२ कोरिन्थीको रुपरेखा:**

1. परिचय र धन्यवाद ज्ञापन (१:१-११)
2. पावलले आफ्नो सेवकाईको पक्षमा बोलेको (१:१२-२:१३)
3. पावल नयाँ करारको सेवक हुन् (२:१४-४:६)
4. पावलको सेवकाईले कमजोरीमा शत्कि देखाउँछ (४:७-६:१०)
5. पावलले मण्डलीमा पवित्रता र प्रेम चाहन्छन् (६:११-७:१६)
6. भेटी सङ्कलन पूरा गर्न पावलको अनुरोध (८:१-९:१५)
7. पावल विरुद्ध ठूलो/सर्वोच्च प्रेरितहरु (१०:१-१३:१०)
8. आखिरी अभिवादन (१३:११-१४)

## सर्वोच्च-प्रेरितहरु

पावलले कोरिन्थीको मण्डलीमा बाहिरबाट आएका शिक्षकहरुलाई “सर्वोच्च प्रेरितहरु” भनिएको छ। (११:५; १२:११) पावलले किन यस्तो भनेको हुन् किनभने यी भर्खरै आएका शिक्षकहरु आफुलाई पावल भन्दा श्रेष्ठ भएको दाबी गर्छन्। तर पत्रभर, पावलले वस्तवमा यी शिक्षकहरु सर्वोच्च प्रेरितहरु नभएको देखाउँछन्।”वस्तावमा तिनीहरु साँचो प्रेरितहरु होइनन्! त्यसको बदलामा, पावल भन्छन्, “किनकी त्यस्ता मानिसहरु झूटा प्रेरितहरु र छली काम गर्नेहरु हुन्, र ख्रिष्टको भेस लगाएर हिँड्नेहरु मात्र हुन्।” (११:१३)

## मेरो शरीरमा काँढा

१२ अध्यायमा पावलले, घमण्ड बारे बोल्दा, उनी भन्छन्, “तर प्रशस्त प्रकाशहरुको कारण घमण्डले म बढ़ता नफुलूँ भनेर मलाई सताउन र घमण्डबाट रोक्नलाई शैतानको दूत, अर्थात् एउटा काँढो मेरो शरीरमा दिइयो। (१२:७) पावलको शरीरमा भएको काँढो के थियो? हामीलाई थाहा छैन, तर बाइबल अध्ययन गर्ने मानिसहरुले तीन वटा सम्भावनाहरुको सुझव दिएका छन्: १) पावल व्यक्तिगत चिन्ताबाट पीडित थिए वा आत्मिक परिक्षा/प्रलोभन। २) पावललाई कडा टाउको दुख्ने शरीरिक रोग थियो, आँखाको समस्या, वा उसको बोलीमा समस्या थियो, ३) पावलले यहूदीहरुबाट भोग्नुपरेको सतावटको अर्थमा काँढा भन्नुभएको थियो। जे भए पनि, परमेश्वरले पावललाई भन्नुभयो, “मेरो अनुग्रह तिम्रो निम्ति प्रर्यप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ।” (१२:९) यसकारण पावलले आफ्नो दुर्बलताहरुमा घमण्ड गर्न निर्णय गरे तकि ख्रिष्टको शक्ति उसमा बास गरोस्।

## पावलका सह-कर्मीहरु

धेरै जसो पावलको पत्रहरु जस्तै, २ कोरिन्थीको पत्र पावलबाट मात्र होइनन्। पावल प्रेरितको समयमा शैलीअनुसार, लेखकले आफ्नो परिचय हरेक पत्रको अघि दिइसकेको हुन्छन्। १ कोरिन्थी पावल र सोस्थेनेसबाट थियो। (१ कोरिन्थी १:१)। २ कोरिन्थी पावल र तिमोथीबाट थियो। पावलका धेरै सह-कर्मीहरु मध्ये तिमोथी र सोस्थेनेस पनि थिए। २ कोरिन्थीमा हामीले तीतस नाउँ गरेका एक मानिसको बारेमा पनि सुन्छौं। तीतस पावलको अर्को सह-कर्मी हुन्, पावलले तीतसलाई उनको सट्टमा कोरिन्थको मण्डलीमा पठाउँछन्। पछि नयाँ करारमा, पावलले तिमोथी र तीतसलाई लेख्नुभएका तीन वटा पत्रहरु छन्। पावलले जहिले पनि अरुलाई शिक्षा र प्रशिक्षण दिएर अरुलाई पनि आफुले गरे जस्तै काम गर्न सिकाउँछन्। त्यसकारण पावलले तिमोथी र तीतसलाई सिकाएर अरुलाई सिकाउन पठाए।

## भेटी सङ्कलन

१ कोरिन्थीको अन्तमा, पावलले बताउँछन् कि यरुशलेम र यहूदीमा रहेका गरिब विश्वासीहरुलाई सहयता गर्नको निम्ति कोरिन्थीका विश्वासीहरुले प्रत्येक हप्ता भेटी सङ्कलन गरे। (१ कोरिन्थी १६:१-४)। २ कोरिन्थी अध्याय ८-९ मा पनि, पावलले कोरिन्थीका मण्डलीहरुलाई खाँचोमा परेकाहरुलाई उदारतापूर्वक दिन कोरिन्थीहरुलाई प्रोत्साहन दिएको उल्लेख गर्नुभएको छ। कोरिन्थ एक धनी शहर थियो, र पावल भन्छन्, “तिमीहरुलाई भार होस् र अरुलाई हलुका होस् भनेर मैले यो भनेको होइनँ, तर समानताको हिसाबले यस वर्तमान समयमा तिमीहरुको प्रशस्ताबाट तिनीहरुको अभाव पूरा होस्, र तिनीहरुको प्रशस्ताले तिमीहरुको अभाव पूरा गरिदिओस्। यसरी सबैमा समानता होस्। (८:१३-१४) पावल कोरिन्थका केही विश्वासीहरुसँग यरुशलेम जाने र त्यहाँका विश्वासीहरुलाई उपाहार दिने योजना बनाउँछन्। पावलले यो कुरा थप गरेर भन्छन् कि, मेसिडोनियाका मण्डलीहरुले बालिदान दिएका छन् र कोरिन्थीहरुलाई पनि त्यसै गर्नु भनी प्रोत्साहन दिन्छन् र यसो भन्छ, “यस सेवाको कामले सन्तहरुको अभाव पूरा हुन्छ। त्यति मात्र होइन, परमेश्वरप्रति धेरै धन्यवादको भावना उर्लेर आउँछन्।” (९:१२) पावलले येरुशलेमको निम्ति भेटी सङ्कलनको बारे रोमी १५:२५-२७ मा र गलाती २:१० मा उललेख गर्नुभएको छ।

कोरिन्थीको पत्र बुझनको निम्ति गाह्रो हुन सक्छ, तपाईले यो पत्र अध्ययन गर्दा, यस अध्ययन मर्गदर्शकमा प्रदान गरिएको पृष्टभुमि जानकारीलाई ध्यान दिनुहोस्, प्रत्येक पत्रलाई धेरै पटक पढ्नुहोस् र अवस्था कल्पना गर्नुहोस्। र निम्न प्रश्नहरुको छलफल गर्नुहोस्:

1. हामीले परमेश्वर पिता, पुत्र येशू र पवित्र आत्माको बारे के सिक्छौं?
2. कोरिन्थीका विश्वासीहरु र पावलको बारेमा हामी के सिक्छौं?
3. के त्यहाँ कुनै सुरु गर्नु पार्ने वा गर्न रोक्नु पार्ने केही छ?
4. यी खण्डहरु कसले सुन्नु आवश्यक छ?